# जगन्नाथ गाउँपालिका
## JAGANNATH RURAL MUNICIPALITY
गाउँकार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
जुड्डी, बाजुरा
JUDDI, BAJURA
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं./*Letter No.*: ०८२/०८३
च.नं./*Ref. No.*: ५३३

मिति:२०८३।०२।२८

श्री वडा कार्यालय सबै (१-६)
श्री विषयगत शाखा सबै
श्री निर्माण व्यावसायी सबै
श्री उपभोक्ता समितिहरु सबै
श्री सरोकारवालाहरु सबै, जगन्नाथ गाउँपालिका, बाजुरा।

विषय: भुक्तानी तथा निकासा बन्द हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० मा कार्यालयले भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा सात (७) दिन अगावै भुक्तानी दिई निकासा खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने भन्ने व्यावस्था भएको र आर्थिक वर्षको अन्त्यमा कामको चाप हुने, अधिक प्रयोगका कारण स्थानीय संचित कोष व्यावस्थापन प्रणाली (SuTRA) को सर्वर डाउन हुने वा स्लो चल्ने, असारमा विद्युतमा समस्या आई सप्टवेयर संचालन गर्न कठिनाइ हुने, असाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, खर्च हुन बाँकी रकम संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने र सबै कारोबारको हिसाब मिलान गर्नुपर्ने भएकाले योजना तथा कार्यक्रमहरु (चालु तथा पुँजीगत खर्च प्रकृति तर्फका) मिति २०८३।०३।१३ गते भित्र सम्पन्न गरि यस कार्यालयमा अनिवार्य रुपमा आवश्यक बिल भरपाई र कागजात सहित पेश गरि समयमानै भुक्तानी लिन हुन सरोकारवाला सबै लाई अनुरोध छ। साथै तोकिएको समयावधी भित्र कागजात पेश नभएमा वा आवश्यक कागजात नपुगी पेश हुन आएमा वा रित नपुगि फाइल पेश भएमा भुक्तानी तथा निकासा नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

रविन्द्र बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ:
श्रीमान अध्यक्ष ज्यू
श्रीमान उपाध्यक्ष ज्यू

बोधार्थ/कार्यार्थ:
श्री सुचना प्रविधि शाखा: यो सूचना वेभ साइट तथा फेसबुक पेजमा अपलोड गर्न हुन